आज मिति २०७८ साल श्रावण महिनाको १५ गते शुक्रवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा नगरपालिकाको ७२ औं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

उपस्थिति :-

१, प्रमुख श्री गुमान सिंह अर्याल
२, उप-प्रमुख श्री लक्ष्मी देवी अधिकारी
३, प्र. प्र. अधिकृत श्री जनार्दन अधिकारी
४, वडा अध्यक्ष वडा नं.१ श्री बलराम श्रेष्ठ
५, —"— —"—२ श्री गणेश बहादुर कंडेल
६, —"— —"—३ श्री सुर्य कुमार श्रेष्ठ
७, —"— —"—४ श्री लालविर गुरुङ
८, —"— —"—५ श्री वम बहादुर गुरुङ
९, —"— —"—६ श्री भोज बहादुर रिमाल
१०, —"— —"—७ श्री गोविन्द बस्नेत
११, —"— —"—८ श्री पवित्रा थापा राना
१२, —"— —"—९ श्री शरद बराल
१३, —"— —"—१० श्री पुर्ण बहादुर थापा
१४, —"— —"—११ श्री अच्यूत बाबु बगाले
१५, कार्यपालिकासदस्य श्री विष्णु माया राना
१६, —"— श्री मन्दिरा हनाई
१७, —"— श्री देव बहादुर गहतराज
१८, —"— श्री अजय मजाकोटी
१९, —"— श्री मन माया गुरुङ
२०, —"— श्री दोज बहादुर खवास
२१, —"— श्री कृष्ण नेपाली
२२, —"— श्री आशा तामाङ

सहजकर्ता कर्मचारीहरु :

२३, कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
२४, अधिकृत श्री विमला गैह्रे
२५, नायब सुब्बा श्री गोविन्द बहादुर राउत
२६, इन्जिनियर श्री विशाल ढकाल

**निर्णय नं २ : लागत साझदारीमा सडक कालोपत्रेको लागि प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।**

नवौं नगरसभाबाट चालु आव २०७८/०७९ मा साविक झैं नगरपालिकाको ६० प्रतिशत र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा सडक कालोपत्रे तर्फ एकमुष्ठ रु. ६० लाख विनियोजन गरिएको हुँदा उक्त बजेटबाट कालोपत्रे गर्ने सडकहरु छनौट गर्नको लागि ३० दिनको म्याद दिई स्थानीय उपभोक्ताहरुबाट प्रस्ताव माग गर्ने र यसको लागि साउन २० गतेभित्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : लागत साझदारीमा सामुदायिक भवन निर्माणको लागि प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।**

चालु आव २०७८/०७९ मा नगरपालिका र स्थानीय उपभोक्ताको ५०/५० प्रतिशत लागत साझेदारीमा सामुदायिक भवन निर्माण तथा स्तरोन्नति गर्न इच्छुक स्थानीय उपभोक्ताहरुबाट नगरसभाबाट पारित मापदण्ड समेतका आधारमा प्रस्ताव पेश गर्नको लागि ३० दिनको म्याद दिई स्थानीय उपभोक्ताहरुबाट प्रस्ताव माग गर्ने र यस सम्बन्धी सूचना साउन २० गतेभित्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ : लागत साझदारीमा सामुदायिक भवन निर्माण (दलित समुदाय लक्षित) को लागि प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।**

चालु आव २०७८/०७९ मा नगरपालिकाको ७० प्रतिशत र र स्थानीय उपभोक्ताको ३० प्रतिशत लागत साझेदारीमा दलित समुदाय लक्षित सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिको लागि सामुदायिक भवन निर्माण तथा स्तरोन्नति गर्न इच्छुक स्थानीय उपभोक्ताहरुबाट नगरसभाबाट पारित मापदण्ड समेतका आधारमा प्रस्ताव पेश गर्नको लागि ३० दिनको म्याद दिई साउन २० गते भित्र सूचना निकाल्ने निर्णय गरियो ।

**निर्णय नं ५ : कृषि यन्त्रिकरणतर्फको कार्यक्रम सम्बन्धमा ।**

नवौं नगरसभाबाट चालु आव २०७८।०८९ को कृषि तथा पशु विकासतर्फको निश्चित अनुदानमा आधारित देहायका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि आवश्यक सामाग्री खरीद प्रक्रिया अघि बढाउने र कृषकहरुको माग संकलनको लागि ३० दिनको म्याद दिई साउन २० गतेभित्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

देहाय

१.कृषि यान्त्रिकरण कार्यक्रम (कृषकहरुको लागि मिनि टिलर (हाते ट्याक्टर) वितरण

२. सिलपोलिन वितरण

३.पशुसेवा सम्बन्धी औजार उपकरणहरु

**निर्णय नं. ६ : प्रगति समीक्षा सम्बन्धमा ।**

बेसीशहर नगरपालकाबाट गत आ.व. २०७७/०७८ मा सम्पादन गरिएका कार्यहरुको बार्षिक प्रगति समीक्षा मिति २०७८ साउन २६ गतेका दिन नगरपालिका हलमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : दररेट अनुमोदन सम्बन्धमा ।**

आर्थिक वर्ष २०७८।०८९ को लागि यस बेसीशहर नगरपालिकाको क्षेत्रभित्र सार्बजनिक निर्माण, बस्तु तथा सेवाको दररेट निर्धारणको सम्बन्धमा मिति २०७८/०४/१४ मा बसेको दररेट समितिको बैठक बाट स्वीकृत भएको दररेट अनुमोदन गर्ने निर्णय गरियो ।

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७८ साउन १५ गतेको बैठकका एजेण्डाहरु***

- योजना कार्यान्वयन कार्यतालिका सम्बन्धमा
  - उपभोक्ता समिति गठन गर्ने अवधी
  - योजनाहरुको लागत इष्टिमेट तयार गर्ने अवधी
  - योजनाहरुको संझौता समयावधी
  - योजना सम्पन्न गरिसक्नु पर्ने अवधी
- लागत साझेदारीतर्फका योजना तथा कार्यक्रमहरुको लागि प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।
  - लागत साझेदारीमा सडक कालोपत्रे (नपा ६०%, उपभोक्ता : ४०%)
  - लागत साझेदारीमा सामुदायिक भवन निर्माण (नपा ५०%, उपभोक्ता : ५०%)
  - लागत साझेदारीमा दलित समुदाय लक्षित सामुदायिक भवन निर्माण ( नपा ७०%, उपभोक्ता ३०%)
  - कृषि तथा पशुविकास तर्फको अनुदानमा प्रदान गरिने कार्यक्रमको सम्बन्धमा ।
- प्रगति समीक्षा सम्बन्धमा ।
- दररेट अनुमोदन सम्बन्धमा ।
- औद्योगिक ग्रामको लागि स्थान छनौट तथा डिपिआर सम्बन्धमा ।
- बाढी पहिरोबाट भएको क्षतिको सम्बन्धमा ।
- विविध
  - घर सम्पन्न प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १: योजना कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।**

बेशीसहर नगरपालिकाको नवौं नगरसभाबाट स्वीकृत भएका चालु आव २०७८/०७९ मा कार्यान्वयन गरिने योजनाहरुको सम्बन्धमा देहाय अनुसारको कार्यान्वयन कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

**देहाय**

**योजना कार्यान्वयन कार्यतालिका**

| क्र.सं | विवरण | कार्यसम्पन्न गर्नुपर्ने अवधी | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | २०७८ भाद्र १५ गते भित्र | |
| २. | योजनाहरुको लागत इष्टिमेट तयार | २०७८ भाद्र ३० गते भित्र | |
| ३. | योजना संझौता | २०७८ असोज १५ गते भित्र | |
| ४. | योजना सम्पन्न गरिसक्नु पर्ने अवधी | २०७८ फागुन मसान्त भित्र | |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/०४/१५ गतेको बैठक

**निर्णय नं. ८ : औद्योगिक ग्रामको लागि स्थान छनौट तथा डिपिआर सम्बन्धमा ।**

एक स्थानीय तह एक औद्योगिक ग्राम कार्यक्रम अन्तर्गत यस बेसीशहर नगरपालिकामा औद्योगक ग्राम स्थापनाको लागि उपयुक्त स्थानको खोजी भै रहेको सन्दर्भमा हाललाई बेसीशहर नगरपालिका वडा नं ९ र ५ स्थित सितलेस्वाँरा छनौट गर्ने तथा यस स्थलको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) को लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९ : बाढी पहिरोबाट भएको क्षतिको सम्बन्धमा ।**

हालैको अविरल बर्षाको कारण बेसीशहर नगरपालिका वडा नं १ उदीपुर लगायतका क्षेत्रमा बाढी पहिरोबाट ठूलो क्षति पुग्न गएको हुँदा क्षति भएका संरचनाहरुको पुनर्निर्माणको लागि नेपाल सरकार र प्रदेश सरकारसंग आवश्यक सहयोग हुन अनुरोध गर्ने तथा आवश्यक तारजाली उपलब्ध गराइदिने व्यवस्थाको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय र जलश्रोत तथा सिञ्चाई विकास डिभिजन कार्यालयसंग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : विविध/घर सम्पन्न प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ९ स्थित सूर्य भण्डारीको घर बनाउने क्रममा नक्शा पास हुँदाको बखत सवै column ग्राउण्ड फ्लोरबाट नै उठाउने गरी भएकोमा घर बनाउने क्रममा आधा column हरु ग्राउण्ड फ्लोरबाट उठाई बाँकी आधा column हरु माटोले फिलिङ गरी पहिलो तलाबाट उठाएको हुँदा घर सम्पन्न प्रमाणपत्र दिन कठिनाई परेको सम्बन्धमा उक्त घर सुरक्षित रुपमा निर्माण गरिएको तथा ग्रामीण क्षेत्रमा भएको हुँदा प्राविधिक राय समेतका आधारमा घर सम्पन्न प्रमाण पत्र प्रदान गर्ने निर्णय गरियो ।